**सर्वोच्च अदालत, पूर्ण इजलास**

**माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा**

**माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई**

**माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा**

**संक्षिप्त आदेश**

०७३-NF-०००२, ०७३-NF-०००३ (०७३-FN-०१८६, ०७३-FN-०२०७, ०७३-FN-०२०८)

विषयः उत्प्रेषणयुक्त परमादेश ।

ओमप्रकाश अर्याल ....................................................................................निवेदक

विरुद्ध

राष्ट्रपतिको कार्यालय सितलनिवाससमेत........................................................................विपक्षी

यसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त पदमा श्री लोकमान सिंह कार्कीलाई नियुक्त गर्न सिफारिस गर्ने गरी संवैधानिक परिषदबाट मिति २०७०।१।२२ मा गरेको सिफारिस बमोजिम सम्माननीय राष्ट्रपतिबाट मिति २०७०।१।२५ मा भएको नियुक्ति समेतका काम कारवाही बदर हुनु पर्छ भनी परेको प्रस्तुत रिट निवेदन खारेज हुने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।६।८ मा आदेश भएको देखियो। सो आदेश उपर पुनरावलोकन गरी पाउँ भनी निवेदक पक्षबाट मिति २०७२।८।९ मा निवेदन पर्न आएको र यस अदालतको पूर्ण इजलासबाट मिति २०७३।५।३१ मा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ बमोजिम पुनरावलोकनको लागि निस्सा प्रदान भए अनुसार सुनुवाईका लागि प्रस्तुत रिट निवेदन पेश हुन आएको देखियो। सुनुवाईका क्रममा मिति २०७३ साल पौष ७ र ८ गते तथा पौष २१, २२ र २४ गते रिट निवेदक तर्फका विद्वान बरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरु, विपक्षी तर्फका विद्वान सह न्यायाधिवक्ता, विद्वान बरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुले गर्नु भएको वहस जिकिर समेत सुनियो।

निर्णयतर्फ विचार गर्दा विपक्षी मध्येका लोकमान सिंह कार्की तत्कालिन श्री ५ को हुकुम प्रमाङ्गी बमोजिम मिति २०४१।४।९ मा राजप्रासाद सेवा अन्तर्गत राजसभाको उप सचिव पदमा नियुक्त भएको र २०४७।६।१८ सम्म सोही सेवामा रहेको देखियो। त्यसपछि निज निजामती सेवा तर्फ मिति २०४७।६।१९ देखि सेवा परिवर्तन गरी आएको र उप सचिव, सह

सचिव, सचिव पद हुँदै मुख्य सचिव पदमा नियुक्त भएको र सो पदबाट दिएको राजिनामा मिति २०६५।५।२५ देखि लागू हुने गरी स्वीकृत भएको देखिन आयो। यस बीच विपक्षी मध्येका लोकमान सिंह कार्की उपर भ्रष्टाचार मुद्दा चलेको र सफाई पाएको, रायमाझी आयोगले जन आन्दोलनका क्रममा शक्ति र पदको दुरुपयोग गरेको, मानव अधिकारको उल्लंघन गरेको भनी दोषी भनी कारवाहीका लागि सिफारिस गरेको पाइयो। तत् पश्चात निजलाई राष्ट्रिय योजना आयोगको मुख्य अधिकृत पदमा सरुवा गरिएको, सेवाबाट बर्खास्त गर्नका लागि नेपाल सरकारले कारवाही चलाएको, स्पष्टिकरण सोध्ने काम भएको र लोक सेवा आयोगमा निजलाई बर्खास्त गर्न परामर्शका लागि लेखी पठाएको समेत देखियो। उक्त कारवाही टुङ्गो नलाग्दै निजले मुख्य अधिकृतको पदबाट राजिनामा दिई पदमुक्त भएको तथ्यमा कुनै विवाद देखिएन।

मिति २०७३।५।३१ मा निस्सा प्रदान गर्दा पूर्ण इजलासबाट अभिव्यक्त आदेशको समग्रतामा मिसिल अध्ययन गरी हेर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तको पदमा सिफारिस भई नियुक्त भएका विपक्षी लोकमान सिंह कार्कीको हकमा मुलतः नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ को उपधारा (५) को योग्यता निजमा नभएको भन्ने उल्लेख भएको पाइयो। सो सन्दर्भमा निजले राजप्रासाद सेवामा रहँदा गरेको सेवा अवधिलाई धारा ११९ को उपधारा (५) को देहाय खण्ड (ग) मा वर्णित आवश्यक अनुभवको सन्दर्भमा जोडी हेर्न मिल्ने देखिएन। २०६२/०६३ को जनआन्दोलन पश्चात सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री कृष्णजंग रायमाझीको अध्यक्षतामा गठित आयोगले दिएको प्रतिवेदनको आधारमा निज उपर विभागीय कारवाही प्रारम्भ भई निजले स्पष्टिकरण पेश गरे पछि सजाय समेत प्रस्ताव गरी पुनः स्पष्टिकरण मागेपछि निलम्बनकै अवस्थामा रहँदा निजले राजिनामा दिएको अवस्था समेत रहेको पाइयो। सो कुरा निजले संवैधानिक परिषदमा पेश गरेको वैयक्तिक विवरणमा उल्लेख गरेको पनि पाइएन। संवैधानिक परिषदबाट सिफारिस गर्दा नेपालको अन्तरिम संविधानको धारा ११९ को उपधारा (५) को देहाय खण्ड (ग) मा उल्लेखित अनुभव र ख्याती निजमा रहेको छ वा छैन भन्ने हेरिएको देखिएन। रायमाझी आयोगको प्रतिवेदन, नेपालको अन्तरिम संविधानको धारा ११९(५)(ङ) को व्यवस्था एवं संवैधानिक अंगका पदाधिकारीको नियुक्ति सम्बन्धी कार्यविधि तथा संवैधानिक परिषदको काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धी नियमावली, २०६५ को नियम ५ को उपनियम (२) मा उल्लेख भएको सिफारिस गर्दा हेरिनु पर्ने सामाजिक प्रतिष्ठा, उच्च नैतिक चरित्र, निज प्रतिको जनभावना आदि कुनै कुरा वा नियम ५(१) मा उल्लेखित आधारहरुलाई सिफारिसकर्ताबाट हेरिएको रहेछ भन्ने उक्त मिति २०७०।१।२२ को संवैधानिक परिषदको सिफारिसबाट देखिएन। अतः उल्लेखित सन्दर्भमा हेर्दा राजसभामा कार्य गरेको अवधिलाई संविधानको धारा ११९(५)(ग) मा उल्लेख भए अनुसारको लेखा, राजस्व, ईञ्जिनियरिङ्ग, कानून, विकास वा

अनुसन्धानको क्षेत्रमा कार्य गरेको अनुभव भनी गणना गर्न मिल्ने देखिएन। रायमाझी आयोगको प्रतिवेदन तथा नेपाल सरकारबाट निज लोकमान सिंह कार्कीलाई पदबाट बर्खास्त गर्न स्पष्टिकरण सोध्ने लगायतको कारवाही प्रक्रिया अगाडि बढाएको सन्दर्भमा निजलाई उच्च नैतिक चरित्र भएको तथा ख्याती प्राप्त गरेको भनी मान्न मिल्ने समेत देखिन आएन।

तसर्थ, रिट निवेदन खारेज हुने भनी यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।६।८ मा भएको निर्णय उल्टी हुन्छ र तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ को उपधारा (५) को देहाय (ग ) र (ङ) बमोजिमको योग्यता नभएको व्यक्ति श्री लोकमान सिंह कार्कीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमूख आयुक्त पदमा नियुक्ति गर्न सिफारिस गर्ने गरी भएको संवैधानिक परिषदको मिति २०७०।१।२२ को निर्णय, सो सिफारिस बमोजिम सम्माननीय राष्ट्रपतिबाट मिति २०७०।१।२५ मा गरिएको नियुक्ति, सम्माननीय प्रधान न्यायाधीशबाट निज लोकमान सिंह कार्कीलाई गराईएको प्रमुख आयुक्त पदको सपथ लगायत निजलाई नियुक्ति गर्दाका सन्दर्भमा भएका काम कारवाहीहरु उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। अब संविधान बमोजिम योग्यता पुगेका व्यक्तिलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त पदमा सिफारिस र नियुक्ति गर्नु भनी विपक्षी मध्येका संवैधानिक परिषद र सम्माननीय राष्ट्रपतिको कार्यालयको नाममा परमादेशको आदेश समेत जारी हुने ठहर्छ।

अदालतबाट जारी गरिएको म्याद तामेल गर्ने सन्दर्भमा बाधा अवरोध गरेको, असहयोग गरेको भन्ने निवेदन प्रतिवेदनहरु तर्फ विचार गर्दा सो म्याद तामेलीको अवस्थामा विपक्षी लोकमान सिंह कार्की स्वयं उपस्थित भई बाधा विरोध गरेको भन्ने नदेखिएको, निज विदेशमा रहेको भन्ने तथ्य प्रस्तुत हुन आएको र निजको अह्रोट मानेर अन्य व्यक्तिले कार्य गरेको भन्ने कुरा तथ्ययुक्त रुपमा देखिन आएन। अर्का विपक्षी प्रमोद कुमार कार्की संयोगवस मात्र सो म्याद तामेली गर्ने स्थानमा पुगेको भन्ने निजको जिकिर रहेको पाइयो। निजले तामेली कार्यमा बाधा विरोध गरेको भन्ने विश्वास गर्न सकिने सम्मको अवस्था देखिएन। तसर्थ लोकमान सिंह कार्की र प्रमोद कुमार कार्कीलाई अ.बं. १११ नं. बमोजिम सजाय गरी रहनु परेन। अन्य व्यक्तिहरु मध्ये तामेलदार शम्भु बहादुर खत्री, काठमाडौं महानगरपालिका वडा नं. १० का वडा कार्यालयका सचिव सरिता राई, सोही वडा कार्यालयका खरिदार भेषराज अर्याल, प्रहरी कर्मचारी सब इन्स्पेक्टर नकुलराज गौतम र प्रवल थापाले मुलुकी ऐन अ.बं. १११ नं. प्रतिकूल कार्य गरेको देखिँदा निजहरुलाई सोही ऐन बमोजिम जनही रु. १०००।-(एक हजार) जरिवाना हुन्छ। साथै निजहरु मध्येका तामेलदार शम्भु बहादुर खत्री, वडा कार्यालयका सचिव सरिता राई र सब इन्स्पेक्टर नकुलराज गौतमले कानून बमोजिमको कर्तव्य पालना नगरी न्यायिक

प्रक्रियामा अवरोध गर्ने कार्य गरेको देखिँदा निजहरु उपर आवश्यक विभागीय कारवाही गर्न सम्बन्धित अखितयारवालाहरु समक्ष लेखी पठाउने समेत ठहर्छ।

आदेशको पूर्णपाठ पछि तयार गरिनेछ।

न्यायाधीश　　　　न्यायाधीश　　　　न्यायाधीश

इति संवत् २०७३ पौष २४ गते रोज १ शुभम्........................................।